# संविधानसभाको निर्वाचनमा सहभागी होऔं
# आफ्ना अधिकारहरुलाई सुनिश्चित पारौं

**संविधान के हो ?**

संविधान भनेको मुलुकको माउ कानुन हो । यसैले मुलकको राज्य संरचना, शासन व्यवस्था, शासकको अधिकार तथा सीमा, नागरिकको अधिकार, यी दुई माझको सम्वन्ध र तत्काल मुलुकमा विद्यमान राजनीतिक शक्तिहरु बीचको आपसी शक्ति-सन्तुलन जस्ता प्रमुख विषयहरुको निर्धारण गर्छ । संविधान बनेर लागू भए पछि मुलुकका त्यस अघि वा त्यस पछि बन्ने सवै कानुन त्यसै मातहत रहन्छन् । त्यससाग बाझिने सवै कानुन स्वतः रद्द हुन्छन् ।

संविधानलाई नागरिकहरुका राजनीतिक, आर्थिक, सामाजिक एवं सांस्कृतिक अधिकारहरुको बडापत्र पनि भनिन्छ । यसलाई राष्ट्रिय सहमतिको दस्तावेज मानिन्छ किनकि यसमा मुलुकका सवै सरोकारवालाहरुको सहमति निहित भएको हुन्छ । यथार्थमा संविधानले मुलुकलाई साझा विचार, मूल्य र मान्यतामा संगठीत गर्छ ।

**संविधान कसरी बन्छ?**

संसारमा संविधान बनाउने अनेकौं विधि छन् । ती मध्ये प्रमुख हुन्-शासकको आदेशद्वारा बन्ने संविधान, विशेषज्ञहरु सम्मिलित संविधान आयोगद्वारा बन्ने संविधान र संविधानसभाद्वारा बन्ने संविधान । हाम्रो मुलुकमा यी तीन मध्ये शासकद्वारा घोषित गर्ने विधि र संविधान आयोगद्वारा बन्ने विधिहरुको प्रयोग भएर संविधान बनिसकेका छन् । तर ती सबै प्रयोगहरु यो वा त्यो कारणले असफल भए । त्यसैले यस पटक संविधानसभा मार्फत संविधान बनाउने राष्ट्रिय सहमति बनेको छ र मुलुक यतिबेला संविधानसभामय भएको छ । त्यसैले आज हामी सबैले यो जान्न जरुरी छ कि संविधान सभा भनेको के हो ? र यसले हाम्रा के कस्ता अधिकारहरु सुनिश्चित गर्छ ?

**संविधानसभा भनेको के हो ?**

कुनै पनि मुलुकको निर्माणको एकमात्र सजीव तत्व भनेको त्यस भित्र वस्ने जनता हुन् । तिनै जनताद्वारा निर्वाचित भै गठन हुने हुँदा संविधानसभालाई संविधान बनाउने आज सम्म संसारमा प्रचलित विधिहरु मध्ये सबैभन्दा लोकतान्त्रिक विधि मानिन्छ । यसमा मुलुकका सवै वालिग मतदाताको इच्छा अभिव्यक्त हुन्छ । जनताले आफ्नो मतद्वारा संविधान बनाउने प्रयोजनका लागि आफ्ना प्रतिनिधिहरु छान्छन् । तिनै प्रतिनिधिहरुको सभालाई नै संविधानसभा भनिन्छ । संविधान सभा संविधान निर्माण गर्ने साधन हो र साथसाथै यो जनताले आफ्नो सार्वभौम अधिकार प्रयोग गर्ने थलो पनि हो । वास्तवमा संविधानसभाका प्रतिनिधिहरु चुनेर जनताले मुलुक हाँक्ने माउ कानुनको निर्माणमा आफ्नो राजकीय सत्ता र सार्वभौम अधिकारको प्रयोग गर्छन् र संविधानमा आफ्नो स्वामित्व स्थापित गर्छन् । जनताले क्रान्ति वा आन्दोलनका मार्फत ल्याएको परिवर्तन र व्यक्त गरेको अभिमतलाई यही संविधानसभा मार्फत संस्थागत गर्छ ।

संसारमा चालीस भन्दा बढी मुलुकमा संविधानसभाको अभ्यास भएको पाइन्छ । अमेरिका, भारत, अर्जेन्टिना, अष्ट्रेलिया, आयरल्याण्ड, इटली, केन्या, जर्मनी, नर्वे, फ्रान्स, दक्षिण अफ्रिका, टिमोर लिस्टे इत्यादि मुलुक त्यसका केही उदाहरण हुन् ।

**नेपालमा संविधानसभा**

हाम्रो मुलुक नेपालमा संविधानसभाको अठोट २००७ सालको क्रान्तिले नै गरेको थियो । तर त्यस पछिको षडयन्त्रपूर्ण राजनीतिक घटनाक्रमले गर्दा त्यो अठोट पुरा भएन । हुन त समय समयमा विभिन्न राजनीतिक दलहरुले यो माँग उठाएकै हुन् तर अन्त्यमा सात दलसँगको १२ बुँदे सहमति सम्म आईपुग्दा नेकपा (माओवादी) ले आफ्नो सशस्त्र जनयुद्धको शान्तिपूर्ण रुपान्तरण संविधानसभाको निर्वाचन मार्फत गर्न सहमत भयो । यसरी कुनै समय माओवादीको मात्र एजेण्डा ठानिएको संविधानसभा अहिले राष्ट्रिय एजेण्डा बनेको छ र मुलुक यसको निर्वाचनको तयारीमा जुटेको छ ।

**हाम्रो दायित्व**

संविधान सभाले बनाउने संविधानले मुलुकको राजनीतिक व्यवस्थाका साथै हामी नागरिकहरुका राजनीतिक, सामाजिक, आर्थिक, जातीय, भाषिक, लैङ्गिक तथा क्षेत्रीय अधिकारहरु समेत सुनिश्चित गर्छ । त्यसैले अब सम्पन्न हुने संविधानसभाको निर्वाचनलाई राष्ट्रिय उत्सव झैं ठानी हामी सवै नेपाली नागरिक मतदानमा सहभागी बनौ । संविधानसभा भनेको कुनै पनि मुलुकको जीवनमा विरलै आउने घटना हो । यसलाई अरु वेलाको सामान्य निर्वाचन जस्तो ठानेर हेलचेक्र्याइ नगरौं । यसमा मतदान गर्दा हामीले विचार पुऱ्याएनौं भने हामी मात्र होइन हाम्रा भावी सन्ततीको जीवन पनि बर्वाद हुन्छ । अतः राम्रो संग विचार पुऱ्याएर मतदान गरौं । सही प्रतिनिधि छानेर हाम्रो अधिकार सुरक्षित पार्ने संविधान बनाऔं ।


**सहयोग**

क्यानेडियन सहयोग कार्यालय

मानव अधिकार संरक्षण मंच

**प्रकाशक**

मानव विकास तथा शान्ति अभियान

मानव अधिकार तथा मानवीय कानून अभियान